नेपाल नागरिक उड्डयन प्राधिकरण
विराटनगर विमानस्थल नागरिक उड्डयन कार्यालय, विराटनगर-४, मोरङ्गको
**सवारी साधन विसान शुल्क उठाउने सम्बन्धि बोलपत्र आव्हानको सूचना**
(प्रकाशित मिति २०८०/०२ /२९)

विराटनगर विमानस्थल नागरिक उड्डयन कार्यालयको मेट्रोलोजी क्वाटर बाट पुर्व तर्फको नवनिर्मित पार्किङ्ग क्षेत्र र कार्गो सेड छेउको मोटरसाईकल पार्किङ्ग क्षेत्र गरि जम्मा २४९३।९६ वर्गमीटर पार्किङ्ग क्षेत्रमा सवारी साधन विसान सेवा शुल्क उठाउने ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्वन्धित निकायवाट इजाजत प्राप्त गरेका ईच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :-

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौ) दिन कार्यालय समय भित्र नेपाल नागरिक उड्डयन प्राधिकरणको विशालबजार स्थित राष्ट्रिय वाणिज्य वैंकमा रहेको खाता नम्बर १०९०१०००६४९१७००१ मा रु.३३९०।- (अक्षरेपी: तीन हजार तीन सय नब्बे मात्र) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर यस कार्यालयमा पेस गरी प्राप्त रसिद, नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, आ.ब २०७८।०७९ को कर चुक्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व:घोषणापत्रसहित कार्यालय प्रमुखलाई सम्बोधन गरिएको आधिकारिक सहि छाप भएको निवेदन कार्यालयमा पेस गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट १५(पन्ध्रौ) दिनको कार्यालय समयभित्र खरिद गरी १६(सोह्र) औं दिनको १२:०० बजेभित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ। दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० वजे सम्वन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। सो दिन बोलपत्रदाताकोतर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गरिनेछ।

३. सवारी साधन विसान शुल्क उठाउने सेवा सञ्चालनको ठेक्का अवधि ५(पांच) वर्षको हुनेछ। सो अवधिको न्यूनतम ठेक अंक मु.अ.कर सहित रु. ९६,८६,२३२। (अक्षरेपी रु. छयानब्बे लाख छयासी हजार दुई सय बत्तिस मात्र) कायम गरिएको छ। साथै बहाल रकममा हरेक दुई वर्षमा दश प्रतिशतका दरले स्वत: वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप वहाल रकम समेत बुझाउनु पर्नेछ।

४. प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्महरुले बोलपत्रमा भाग लिन पाउनेछैन। प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाण बोलपत्र कागजात खरिद गर्दाका समयमा पेश गर्नुपर्नेछ।

५. कबोल गरेको रकमको ५% ले हुने बोलपत्र जमानत रकम **बिराटनगर नागरिक उड्डयन कार्यालय**को नेपाल ईन्भेष्टमेन्ट बैंक लि., बिराटनगर शाखामा रहेको धरौटी खाता नम्बर ००८०१०३०००२२३५ मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकवाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ।

६. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री बिराटनगर विमानस्थल नागरिक उड्डयन कार्यालय, बिराटनगर-४, मोरङ्गलाई सम्बोधन गरी बिराटनगर विमानस्थल नागरिक उड्डयन कार्यालयमा दर्ता गराउनु पर्नेछ।

७. वोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

८. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

९. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

१०. वोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

११. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np मा पनि उपलब्ध हुनेछ।

१२. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ।

१३. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ।

१४. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ।



निर्देशक